**Report of One Day Interaction Program among Government Members, Senior Political Leaders and Students**

**on**

# Youth-Students Participation in Politics & Practices of Democratic Culture



**4th January 2008**

**Organized by:**

**Association of Political Science Students**

**राजनीतिशास्त्र विद्यार्थी संघ (APSS)**

**Central Executive Committee, Gyaneshwore, Kathmandu**

# पृष्ठभूमी

विश्वमा यूवा जनशक्ति कुनै पनि क्षेत्रको परिवर्तनका सम्वाहक भनिन्छ अझ भनौं राजनीतिक परिवर्तन यूवा विना सम्भव नै छैन । नेपभलको इतिहास पनि यूवा जनशक्तिले विभिन्न कु-शाषन प्रणाली विरुद्ध तथा सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तनको लागि लड्दै आएका छन् । वि.स.२००७ साल अघि राणा शासण देखि लिएर पंञ्चायत प्रणाली विरुद्ध यूवा ससक्त रुपमा उत्रीए, जसलाई विद्यार्थी आन्दोलनको संज्ञा दिइयो जसको फलस्वरुप वि.स.२०३६ सालमा पंञ्चायत व्यवस्था की बहुदलीय व्यवस्था भनी जनमत संग्रह नै गर्नु पर्‍यो तर दुर्भाग्य विद्यार्थी आन्दोलनको उदेश्य अनुरुप परिणाम भएन तर पनि यूवा विद्यार्थीले हार नमानी अन्य दलहरुको साथ लिएर वि.स. २०४६ सालमा अन्तत पंञ्चायती व्यवस्थाको अन्त्य गरी बहूदलिय प्रजातन्त्रको स्थापना भयो, यहाँसम्ममा धेरै यूवा विद्यार्थी नेताहरुले आफ्नो बलिदान दिएका थिए ।

यूवा विद्यार्थीका साथै दलहरुको अथक प्रयास पछि स्थापित बहुदलिय प्रजातन्त्रमा राज्यको कुनै संरचनामा यूवाहरुलाई सहभागी नगराइए पनि यूवाहरु राजनीतिमा लागिनै रहे । तर समयको वहाव संगै नेपालको राजनीतिमा सत्ताको खेल अर्थात शक्तिको खेल शुरु भयो जहा एक अर्काको खुट्टा तानातान गर्ने परम्पराको विकाश हुदै गयो । आफुमात्र शक्तिवान हुने अन्य शक्तिलाई वेवास्ता गर्दै जादा यूवा जनशक्तिमा राजनीति प्रति वितृष्णा जाग्दै गयो, जसको फलस्वरुप नया पुस्ता सामु राजनीति एउटा फोहरी खेल हो भन्ने भावना सृजना भयो र राजनीति प्रति लाग्ननै कतिले हिच्किचाउने गरे त कतिले ससस्त्र विद्रोह तिर लागे । यूवाहरु राजनीतिमा लागे पनि सत्तामा रहेको व्यक्तिहरुलाई जीउहजुर गर्नु पर्ने, नभए राजनीति नै गर्न नसकिले स्थितीको सृजना हुन गयो । योग्य व्यक्तिहरु पनि राजनीति नगरी अरुनै क्षेत्र तिर पलायन हुदै गयो । जसले गर्दा विगत वि.स.२०५१ साल देखि राजनीतिक अस्थिरता बड्दै गयो ।

जव राजा ज्ञानेन्द्रले देशको शासण प्रणाली आफ्नो हातमा लिए तव फेरि विभिन्न यूवा संघ, विद्यार्थी संघ त्यसको विरोधमा उत्रीए साथसाथै सात राजनीतिक दलको गठबन्धन गरि उनीहरु पनि विरोधमा उत्रीए यसरी यूवा शक्तिको पृष्ठपोषणमा सात राजनीतिक दलको आन्दोलन अघि बड्न गयो साथै ससस्त्र विद्रोहमा लागेका ने.क.पा. माओवदीले पनि १२ बुदे सम्झौता गरेपछि निर्णायक १९ दिने आन्दोलनमा राजा ज्ञानेन्द्रले जनता सामु घुँडा टेक्न वाध्य हुनु पर्‍यो । ऐतिहासिक रुपमा जन आन्दोलन-२ को सफलता सँगै देशमा नया संविधान सभा गर्ने, लोकतन्त्रिक गणतन्त्र स्थापनाको कुरा अघि बडे । हाल

आएर यूवा जनशक्तिलाई नीति निर्माण गर्ने स्तरसम्म सहभागी गराउने नीति भएता पनि त्यसको कार्यान्वयन हुन सकिरहेको छैन साथै हाल केहि यूवा जनशक्ति प्रजातान्त्रिक संस्कृतिबाट अघि नबडी अपराधिकर तवरबाट राजनीति गरेको पाइन्छ । साथै यूवाहरु राजनीतिबाट टाढिदै गएको पाइन्छ यसै सन्दर्भमा यूवाहरुलाई राजनीतिमा सक्रियरुपमा लाग्न र उनीहरुलाई प्रजातान्त्रिक संस्कृतिको विकाश गर्न अग्रसर बनाउन सहयोग गर्नको लागि यस संस्था राजनीतिशास्त्र विद्यार्थी संघले राजनीतिमा यूवाहरुको सहभागी र प्रजातान्त्रिक संस्कृतिको अभ्यास विषयक एक दिने गोष्ठि संञ्चालन गरेको हो यस्ता कार्यक्रमहरु यस संस्थाले पहिले पनि गर्दै आएको थियो र आगामी दिनमा पनि गर्नेछ ।

## कार्यक्रमको जानकारी

यस Youth-Students Participation In Politics And Practice Of Democratic Culture विषयक एक दिने गोष्ठि नेपाल मानवीकी क्याम्पस (R.R. Campuse) को प्रत्रकार हलमा राजनीतिशास्त्र विद्याथी संर्घ (Association of Political Science Students) ले 4th January 2008 मा आयोजना गरिएको थियो, जसको सभापतित्व यस सघंका अध्यक्ष श्री राजेन्द्र प्रसाई ज्यूले गर्नभएको थियो । जसमा प्रमूख अतिथिका रुपमा श्रम तथा यातायात मन्त्री रमेश लेखक (नेपाली कांग्रेस), सि. पि. गजुरेल (ने.क.पा. माओवादी) र प्रदिप ज्ञवाली (ने.क.पा. एमाले) का तर्फबाट सहभागी हुनुहुन्थ्यो । यस कार्यक्रममा यूवा विद्यार्थीको राम्रो सहभागीता हुनाका साथै बिभिन्न मिडिया हाउसबाट पनि उपस्थिति रहेको थियो । कार्यक्रमलाई मुख्यत चार चरणमा विभाजन गरिएको थियो । पहिलो चरणमा आशन ग्रहण र स्वागत मन्तव्य  थियो । जहाँ स्वागत मन्तव्य यस संस्थाका अध्यक्ष श्री राजेन्द्र प्रसाई ज्यूबाट भएको थियो । दोस्रो चरणमा प्रमूख अतिथिहरुको विचार मन्तव्य, तेस्रो चरणमा सहभागीहरुबाट प्रश्न र जिज्ञासा प्रमूख अतिथिहरु सामु राख्ने र अन्त्यमा ती जिज्ञासा तथा प्रश्नहरुको उत्तर र समाधान तथा समाप्तीको घोषणा रहको थियो ।

## कार्यक्रमको उदेश्यः

यो कार्यक्रम संञ्चालनको मुख्य उदेश्यहरु निम्नानुसार छन्ः-

१) यूवा विद्यार्थीहरुलाई राजनीति प्रति आस्था जगाउन

२) यूवा विद्यार्थीहरुलाइ ससस्त्र राजनीतिबाट अलग्याउन

३) यूवा विद्यार्थीहरुलाइ राजनीतिमा प्रजातान्त्रिक संस्कृतिको अभ्यासमा बढी जोड दिन

४) यूवा विद्यार्थीहरुका राजनीति प्रतिको गुनासाको समाधान गर्न

५) अन्तरक्रियाबाट वाकशक्तिको विकाश गर्न

६) समसामयिक राजनीति वारे जानकारी दिन

७) विद्यार्थीमाझ आपसी एकाताको भावना जागृत गर्न

८) राजनीतिलाई पारदर्शी बनाउन

९) राजनीतिमा यूवा जनशक्तिको विकाश गर्न आदि

## पहिलो चरण

<u>आसन ग्रहण र स्वागत मन्तव्य</u>

प्रमुख अतिथिहरु, यूवा विद्यार्थी साथीहरु र पत्रकार साथीहरुको साथै सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नु हुदै यस Association का **अध्यक्ष श्री राजेन्द्र प्रसाई** ज्यूले यूवाहरु देशको समसामायीक राजनीति प्रति सचेत भएर अगाडी बढ्नु पर्छ भन्नु भयो । उहाको अनुसार समकालीन राजनीतिमा अधिकारबारे धेरै कुराहरु उठेका छन् तर Responsibility र Duties बारे बहस भएको देखिदैन ।




***Maoists Leader CP Gajurel and APSS President Rajendra Prasain***

Democracy भनेको सहअस्तित्वको स्वीकार र आफुभन्दा नजीकका प्रतिस्पर्धीहरु सँग सहिष्णुता र सम्मान हो भन्दै राज्यको पनि यूवा विद्यार्थीहरु प्रति आफ्नो दायित्व हुदैन ? के राज्यले सधै यूवाहरुलाई विद्रोहीभ्कै व्यवहार गरिरहने ? विदेशीएका लाखौ यूवा, माओवादीका हजारौ यूवाहरुको राजनीतिक दल तथा राज्यले आवश्यक छ की छैन ? भनी यूवाहरुको तर्फबाट गुनासा पोख्नुभयो ।

## दोस्रो चरण

<u>प्रमुख अतिथिहरुबाट विचार अभिव्यक्ति</u>

**प्रदिप ज्ञवाली** (ने.क.पा. एमाले)

पाकिस्तानी पूर्व प्रधानमन्त्री जुल्फिकर भुट्टोको अभिव्यक्तिलाई उधृत गर्दै ने.क.पा. एमालेका नेता प्रदिप ज्ञवाली राजनीतिलाई कलाहरुको सबैभन्दा सुन्दरतम् कला हो भनी वकालत गरे ।




उहाँका अनुसार अहिलेका यूवाहरुमा राजनीति एउटा फोहरी खेल हो भन्ने मानसिकतामा विकाश हुनु र राजनीतिमा प्रवेश गर्न नचाहानु तथा अभिभावकले पनि यस क्षेत्रमा लाग्नको लागि प्रोत्साहन नर्गनु, केहि त्यस्ता राजनीतिक व्यक्तिहरुले गर्दा सृजीत समस्या हो । अर्थात आफै मात्र राजनीतिमा हावी रहिरहु भन्ने अवधारणाले नया पिडीलाई यस क्षेत्रमा प्रवेश नगरुन् भनि फिजाएको एउटा गलत संञ्चारले यूवामाझ तथा अन्य वर्गमा काम गरेको पाइएको छ । तर वास्तवमा राजनीति फोहरी खेल चाहि होइन । परम्परागत शासण प्रणलीबाट मुक्त हुनको लगि हामी यूवाहरुले राजनीतिमा अवस्य पनि सहभागी हुनुपर्दछ । साथै यूवाहरुको जोस जागरका साथै आम नेपालीको अथक प्रयासबाट नया नेपालको बाटो कोर्ने अवसर प्रदान गरेको छ । तर दल तथा सरकारले यसमा केहि ढिला सुस्ती गरेकोले त्यसलाई सार्थक निष्कर्षमा पुर्‍याउन

यूवाहरुको प्रत्यक्ष हस्तक्षेप र समावेशिकरण आवश्यक छ भन्नु भयो । त्यस्तै लोकतन्त्रलाई बलियो बनाउन लोकतन्त्रको अभ्यास आफैबाट शुरु गर्नु पर्दछ साथै अरुको अस्तित्वलाई पनि स्वीकार गर्नु पर्छ । र यूवाहरुलाई Democratic Culture मा ल्याउन पार्टि पंक्तिका व्यक्तिहरुले उनीहरुलाई उत्साहित गराउने र योग्य यूवाहरुलाई नेतृत्वमा ल्याउन जरुरी छ भन्नु भयो ।



**सी. पी. गजुरेल (गौरव) (ने.क.पा. माआवादी)**

नेपालको राजनीतिमा यूवाहरुको भूमिकाका बारेमा ने.क.पा. माओवादीका नेता सी.पी. गजुरेलले विद्यार्थीहरुले राजनीति गर्न हुन्छ वा हुँदैन भन्नेवारे सधै विवाद रहेको छ भन्नुभयो । उहाँका अनुसार विद्यार्थी परिवर्तनका वाहक भएकोले उनीहरुले राजनीतिमा भाग लिनै पर्दछ । नेपालको ऐतिहासिक परिवर्तन यूवाहरुको सक्रिय सहभागितामा सम्भव भएको थियो भन्दै राजनैतिक नेतृत्वको लागि राजनीतिक दलमा यूवाको महत्वपूर्ण भूमिका हुन आवश्यक छ भनि औल्याउनु भयो ।



किसान, मजदुर, शिक्षक, विद्यार्थी आदि आ-आफ्नो क्षेत्रबाट राजनीतिमा सम्लग्न हुनु पर्दछ । साथै सवै वर्ग, तह र तप्काका जनताहरु राजनीतिकरुपमा संगठित हुनु पर्छ र राजनीति पनि गर्नु पर्दछ भनी आफ्नो धारणा व्यक्त गर्नु भयो त्यस्तै नेपाल सरकारले गणतन्त्र घोषणा गरी संविधान सभाबाट लागु गर्न भनि संसदबाट पारित भएको स्थितीमा यसलाई संस्थागत गर्न सक्नु ऐतिहासिक रुपमा यूवाहरुको विजय हो भनी यूवाहरुको जोस र जाँगर संयमित रुपमा अघि बढाईराख्न सल्लाह दिनुभयो । त्यस्तै प्राय कम्युनिष्टहरुमा

Democratic Culture छैनन् भनि लांञ्छना लगाउछन् तर नेपालमा कम्युनिष्टहरु Democratic Culture को लागि नै सवै दलहरु सँग प्रतिस्पर्धामा लागिरहेका छन् भन्दै आफ्नो पार्टि Democratic Culture मा नै अगाडी बडिरहेको दावी गर्नुभयो ।

**रमेश लेखक,** (**श्रम तथा यातायात व्यवस्था मन्त्री**)

विश्वमा भएका अग्रगामी कदमहरु र देश भित्र भएका राजनीतिक परिवर्तनहरुमा यूवाहरुको महत्वपूर्ण भूमिकाको सहराना गर्दै श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रमेश लेखकले यूवाहरु निरन्तररुपमा मुलुकको राजनीतिलाई सकारात्मक रुपमा अगाडी बडाउन, नयाँ सोच निर्देशित गर्न अघि बड्नु आवश्यक भएको कुरा सहभागी सामु राखे । तर आजको यूवा आन्दोलनलाई नारावाजी र आगजानीमा मात्र सिमित नरहि सकारात्मक र रचानात्मकरुपमा अगाडी बडाउने विकल्पको प्रयोग गर्न आवश्यक छ भनी भन्नुभयो ।




अव हुन गइरहेको आर्थीक सामाजीक रुपान्तरको साधन CA Election मा यसको सरोकारवालालाई प्रेरित गर्ने, दवाव दिने, विकल्प दिने यूवा राजनीतिक संस्कारको आवश्यक छ भन्नुभयो । यूवाहरु अहिलेको संसारमा अत्याधुनिक ज्ञानबाट पूर्ण छन् र पुराना राजनीतिक पुस्तामा केहि ज्ञानको अभाव जस्तो देखिन्छ, त्यसैले यूवाहरु समसामायीक राजनीतिमा उनीहरुको उपस्थिती आवश्यक रहेको कुरा बताउनु भयो ।

**तेस्रो चरण**

यस सेसनमा विभिन्न क्याम्पसमा विविध भौगोलीक क्षेत्र र  जात-जातिका विद्यार्थी सहभागीहरुले आफुलाई लागेका जीज्ञासाहरु अर्थात प्रश्नहरु प्रमुख अतिथिहरु सामु राखेका थिए,  जसलाई एकत्रीत रुपमा तल प्रस्तत गरिएको छ :

प्रश्नहरु

१) शान्ति सम्झौताको उल्लङ्घनका घट्नाहरु कहिले बन्द हुन्छ, Democratic Culture मा माओवादी हिडेको जनताले कहिले देख्न पाउछ ।



२) सुस्ता मिचिदा यूवाहरुले आफ्नो छाती मिचिएको अनुभव गरिरहेको छन्, यसमा राष्ट्रको र दलको नीति के छ ?

३) विद्यार्थीहरु आन्दोलनमा एक भएका छन् तर उनीहरुको राम्रो एकताको अभावमा शिक्षा क्षेत्र व्यवस्थित छैन, शिक्षामा गुणस्तरियताको पहल किन गरिएको छैन ?

४) अन्तरीम संविधानमा निशुल्क शिक्षा भनेको छ तर व्यवहारमा किन छैन ?

५) वेरोजगार र शिक्षा विहिन यूवा भोको पेटले कसरी राजनीतिमा सहभागी हुने ?

६) भाजपाले नेपालमा प्रत्यक्ष हस्तक्षेपका रुपमा व्यतव्य जारी गरि राजतनत्र र सीमा सम्बन्धि कुरा गरिरहेको छ यसमा राज्य किन चुप लागेर बस्छ ?

७) जन भावना अनुसार CA Election हुन नसक्दा चैतमा हुन सक्ने के आधार छ ।

८) विद्यार्थीहरुले जन आन्दोलनमा भूमिका खेलेका छन् स्ववियू निर्वाचनमा नै विद्यार्थीहरुले किन व्यापक सहभागीता हुन सकेको छैन ?

९) जनवादी शिक्षा कहिले आउछ, तिनै नेताका छोराछोरी किन वुर्जवा शिक्षा लिन्छन् ?

१०) यूवाहरुको धारणा, राष्ट्रिय विधान सवै राजनीतिक दलहरुले स्विकार्छन् की

स्विकार्दैनन् ?

११) यूवा नीति खोई ?

१२) आफ्नै दाजभाईलाई जन-आन्दोलनको समयमा लाठी र गोली हान्न वा आन्दोलन दवाउन प्रयोग गरिएको सरक्षा संयन्त्र आज किन सस्ता लगायत मिचिएको सीमा जोगाउन प्रयोग गरिदैन ।

१३) विद्यार्थीलाई जनवादी शिक्षा दिन्छौ भन्नु भयो खोई जनवादी शिक्षा ? हजारौ वोर्डिङ स्कुल खोल्न दिइयो तर सरकारी शिक्षामा गुणस्तरियता खोई ?

१४) छात्रावासमा नै लागु औषध दुर्वसनी भेटिएका छन् त्यसप्रति सरकार, दल तथा यूवा संगठनहरुको ध्यान किन गएको छैन ?

१५) लाखौ जनताको छोराछोरी प्राथमीक तहका समेत पढ्ने पहुच छैन भने मन्त्रीहरुको छोराछोरीले सवै कुरा जान्दछ भनी गर्व गर्नुको के अर्थ हो ?

**चौथौ चरण**

जीज्ञासा समाधान तथा प्रश्नको जवाफ

यूवा विद्यार्थी सहभागीले प्रमुख अतिथिहरुलाई राख्नु भएको प्रश्नको जवाफ सम्बन्धित अतिथिलेहरुले दिनुभएको थियो जसलाई तल उल्लेख गरिएको छ :

**प्रदिप ज्ञवाली**

राज्यले राज्यको सविधाबाट बञ्चित र सिमान्तकृत वर्गको सुविधाको लागि असफलता देखिएको छ । यसको प्रमुख कारण प्रतिवद्धताका वावुजुत स्रोतसाधनको कमी, निजीकरण र उदारीकरणको नीतिको काममा उस्को उत्तरखायित्व पुरा गरेको देखिदैन । हिजो राणाले शिक्षा आफ्ना कारिन्दा उत्पादन गर्न प्रयोग गरे । पंञ्चायतमा आफ्नो System प्रति Faith गर्न सीकाउने दासतापूर्ण शिक्षा दियो । तर अहिले वैज्ञानीक, जीवन उपयोगी, आत्मनिर्भर हुनसक्ने, दक्षता शिक्षा र सुलभ शिक्षा आवश्यक छ यसको लागि यूवा दवाव आवश्यक छ ।

निर्वाचन सम्पन्न हुने नहुने यी कराहरुमा निर्भर गर्छः

क) सात दल कति प्रतिवद्ध हुन्छन्

ख) दरवारियाहरुको उपद्रो

ग) तराई समस्याको Tackle गर्ने सतर्कता



साथै जीज्ञासाको समाधानको क्रममा सातदलले लिएको जनमतको Licence कहिल्यै Renew गर्नुनपर्ने licence होइन भन्नुभयो ।

**सी. पी. गजुरेल**

सुस्ता समस्याको प्रश्नको उत्तर गर्दै माओवादीका नेता सी. पी. गजुरेल भन्नुभयो अहिले जनस्तर सम्म पुऱ्याउने पार्टि ने ने.क.पा.(माओवादि) हो । YCL ले मेची-महाकाली अभियान नै थालेको छ भन्दै देश बचाउन देशभक्त एकिकृत हुँदै नयाँ अभियान थाल्ने प्रक्रियामा छौं । भारतीय र नेपाली सेना जुधाएर समस्या समाधान हुँदैन त्यसैले हामी सबै विकल्पहरु प्रयोग गर्दै वार्ता गरी समस्या हल गर्न भारतीय विशेष व्यक्तिहरुसँग अन्तक्रिया हुनु पनि गलत कदम होइन । त्यस्तै खुला राजनीतिमा माओवादी प्रतिस्पर्धा गर्छ, पार्टि भुमिगत हुदा पनि अखिल क्रान्तिकारीले विद्यार्थी चुनावमा भाग लिएको कुरा स्मरण गराउनु भयो । र जनवादी शिक्षाको जीज्ञासामा उहाले भन्नुभयो "जनयूद्धलाई हामीले विशुद्ध यूद्ध मानेनौ त्यसलाई क्रान्तिको रुपमा बुझ्यौ । हामीले विद्यार्थीलाई त्यसमा सहभागी हुन भन्यौ, उनीहरु आधुनीक र जनवादी शिक्षाको लागि समान शिक्षा र गुणस्तरीय शिक्षाका लागि उनीहरु त्यसमा समावेश भएका थिए । जनवादी शिक्षा ने.क.पा. माओवादी ले CA मा बहुमत हासिल गरेपछि आउछ नै ।"

चुनावमा जानुको अर्थ जित्ने प्रयास हो, जव चुनाव जीतिन्छ तव मात्र आफ्नो दलिय कार्यक्रमहरु लागु गर्न सकिन्छ र चुनावको जे जस्तो परिणाम आए पनि स्वीकार गर्नेछौ । राज्यको पुरानो प्रहरी सेवा जनआवाज दबाउन प्रयोग भएकोमा मेरो सहानुभती छ तर यी सुस्तामा प्रयोग हुन सक्दैनन् साथै अराजनीतिक र अराष्ट्रिय तत्वहरुले चुनाव भाड्न चलखेल भइरहेकोमा हामी एक जुट भएर अगाडी बड्न आवश्यक छ भनी उहाँलाई राखेका प्रश्नको उत्तर दिनुभयो ।

**रमेश लेखक**

विद्यार्थीको प्रश्नको जवाफ दिदै मन्त्रि रमेश लेखकले भन्नुभयो दोस्रो जनआन्दोलन पछि बनेको सरकारको समग्र उर्जा CA Election प्रति केन्द्रित छ । सरकारका सिमित स्रोत साधन प्रयोग गर्दै CA Election गर्नु परेको छ । यस्तो अवस्थामा एउटा माग समाधान हुदा नहुदै विभिन्न मागहरु आएका छन्, जसलाई सरकारले सम्बोधन गरिरहेको छ । र सुस्ता समस्या कुटनितीकरुपमा समाधान गर्न अग्रसर भएको छ । त्यस्तै यूवाहरुले दलहरुको कमी कमजोरीहरुलाई औल्याइ दिनु पर्छ त्यसलाई हटाउन दवाव दिनु पर्छ । साथै उहाँका अनुसार शिक्षाको सम्बन्ध आफ्नो भविष्य, परिवार, समाज र देश सँग रहेकोले यूवाहरुले पढ्न छाड्न हुदैन साथै मुलुकको राजनीतिक घट्ना, विषयवस्तु प्रति सचेत हुनुपर्छ ।

यूवा दुर्व्यसनी हटाउन सरकार र APSS ले सचेतना कार्यक्रम गर्न जरुरी छ र नयाँ पुस्ता, नयाँ प्रविधि र संरचनाको लागि आग्रह गरिरहेको छ, नया कुरालाई जसरी यूवाले जान्दछ पुरानो पुस्ताले त्यसलाई राम्ररी साक्षातकार गर्न सक्दैन भनी यूवाहरुलाई सक्रिय हुन आहवान गर्नुभयो । शिक्षा सम्बन्धि जीज्ञासामा प्रजातन्त्र पछि शिक्षामा गुणात्मक परिवर्तन आएको छ तर पनि सबैको पहुच पुगेको छैन, यसलाई न्यूनीकरण गर्न सरकार हरदम लागिपरेको छ भनी जीज्ञासा समाधान गर्न खोज्नु भयो ।

**सुझाव र निश्कर्ष**

सम्पूर्ण सहभागीहरुको छलफलबाट निम्न कुराहरु प्रकाशमा ल्याउनुपर्ने देखिन्छ :

१) यूवाहरु राजनीतिमा सचेत भएर लाग्नु पर्छ

२) यूवाहरुको राजनीतिमा Responsibilty, Duties र Rights वारे बहस हुनु पर्छ

३) राजनीति कलाहरुमा सवैभन्दा सुन्दरतम् कला हो

४) राजनीति आफैमा फोहोरी खेल होइन यसलाई फोहरीकरण गरिएको हो

५) परम्परागत राजनीतिक प्रणाली परिवर्तन गर्न आफै राजनीतिमा लाग्नु पर्दछ

६) राजनीतिकरुपमा यूवाहरुको जोस, जागर र उत्साह सेलाउन थालेको छ

७) अहिले राजनीतिक दल र सरकारले केहि कुरा प्राप्त गरेको छ तर त्यो अपूर्ण छ । त्यसलाई सार्थक निष्कर्षमा पुऱ्याउन यूवाहरुको प्रत्यक्ष हस्तक्षेप र समावेशिकरण आवश्यक छ ।

८) लोकतन्त्रलाई बलियो बनाउन लोकतान्त्रिक अभ्यास आफैबाट शुरु गर्नु पर्दछ ।

९) राजनीतिक पर्टिहरुमा यूवाहरुलाई उत्साहित गर्ने र योग्य यूवाहरुलाई नेतृत्वमा ल्याउने प्रचलन नभएकोले यसको शुरुवात गर्नुपर्दछ ।

१०) राजनीतिमा देखिएका खराव कुरा हटाउन प्रत्यक्ष हस्तक्षेप गर्नु पर्छ ।

११) जनताको जीवनमा राजनीतक व्यवस्थाले सकारात्मक प्रभाव पार्न सक्दैन भने त्यो व्यवस्था प्रजातान्त्रिकरुपमा सफल हुन सक्दैन ।

१२) विद्यार्थीहरुले राजनीति गर्नुहुदैन भन्ने कुरामा पनि राजनीति गरेको छ ।

१३) सवै तह र तप्काका जनताहरु राजनीतिकरुपमा संगठित हुनु पर्छ

१४) गणतन्त्रलाई संस्थागत गर्न सक्नु ऐतिहासिक रुपमा यूवाहरुको विजय हो ।

१५) आन्दोलनलाई नाराबाजी र आगजनीमा मात्र सीमित नरही सकारात्मक र रचनात्मक रुपमा अघि वढ्ने विकल्पहरुको प्रयोग गर्न आवश्यक छ ।

१६) आर्थीक, सामाजिक र राजनीतिक सबैको रुपान्तरणको CA Election हो ।

१७) CA Election को लागि सरोकारहरुलाई प्रेरित गर्ने, दवाव दिने, विकल्प दिन यूवा विद्यार्थीहरु अग्रसर हुनु पऱ्यो ।

१८) विद्रोहि बनेर हतियार उठाउने यूवाहरुको सरकारले सम्बोधन गर्न आवश्यक छ ।

## प्रश्नकर्ताको नामवाली

१) अन्वेषण अधीकारी (विद्यार्थी, नेपाल मानवीकी क्याम्पस)

२) बी. एन. आचार्य (विद्यार्थी)

३) सन्तोष

४) राजेश

५) खगेन्द्र फुयाल

६) गौतम पोखरेल

७) युवराज लामीछाने

८) इश्वर कटवाल

९) पुष्पराज अधिकारी

१०) तीलक खड्का

११) गणेश पौडेल

१२) नारायण प्र. पौडेल

१३) विवेक राई (विद्यार्थी, नेपाल मानवीकी क्याम्पस B. A. 2nd )

१४) पुष्प ढकाल

१५) हरिषचन्द्र खड्का (कान्तिपूर कलेज, थली)

१६) कमलकान्त जोशी

१७) विनोद घिमिरे (People News Center)

१८) सन्तोष भट्ट ( विश्वभाषा क्याम्पस)

१९) त्रिलोचन संग्रौला (त्रि-चन्द्र कलेज)

# Appendix I : *Interaction Agenda*

## One Day Interaction Program on

## Youth-Students Participation in Politics and Practices of Democratic Culture

### 4th January 2008, Nepal Manabiki Campus, Kathmandu

**Organized by:**
**Association of Political Science Students**
**राजनीतिशास्त्र विद्यार्थी संघ (APSS)**
GPO Box 5639, Gyaneshwore, Kathmandu, NEPAL
Tel: 0977 1 4434 715, Email: info@apssnepal.org, www.apssnepal.org

## Program Agenda

| | |
|---|---|
| 11:00 AM | Welcome speech |
| 11:10 AM | Inauguration speech |
| 11:20 AM | Speech on the topics by the senior guests[1] |
| 11:35 AM | Floor open for students and student-leaders[2] : Students should focus to what issues students can through active participation in politics, their role in politics for social transformation |
| 12:00 Noon | Response by the senior guests[1] to the questions by the students |
| 12:30 PM | Questions from students and their leaders[2] about their needs to be fulfilled by the state and political parties |
| 12:50 PM | Final response by the senior guests[1] |
| 1:00 PM | Thanks by the president |

[1] Honourable Minister Mr. Ramesh Lekhak
Honourable Mr. CP Gajurel, CPN (Maoist)
Honourable Mr. Pradeep Gyawali, CPN (UML)

[2] Various participant-students from different students' organizations and their leaders

***Note:*** ***Students are requested to ask the senior guests mentioned above, as practical as possible questions related to their interest in politics and their expectation from the senior leaders***

***Students should inform first if they would like to have questions for the senior guests.***



**|| Thank you ||**

# Appendix II: *सहभागीहरुको नामावली*

| क्रम संख्या | नामवाली | संस्था | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | सी.पी गजुरेल | ने.क.पा. माओवादी | केन्द्रिय सदस्य | बानेश्वर |
| २ | प्रदिप ज्ञवाली | ने.क.पा. एमाले | केन्द्रिय सदस्य | बुद्धनगर |
| ३ | रमेश लेखक | ने.का. | मन्त्री | पुलचोक |
| ४ | राजेन्द्र प्रसाई | ए.पि.एस.एस. | अध्यक्ष | ज्ञानेश्वर |
| ५ | बिन्दु वन | ए.पि.एस.एस. | महासचिव | ज्ञानेश्वर |
| ६ | रवीराज रिमाल | RR College | सचिव | ज्ञानेश्वर |
| ७ | उद्धव खतिवडा | ए.पि.एस.एस. | कार्यक्रम संयोजक | ज्ञानेश्वर |
| ८ | किशोर खड्का | मेडिया ग्रुप | संवाददाता | |
| ९ | कमल कान्त जोशी | | विद्यार्थी | |
| १० | अन्वेशषण अधिकारी | सगरमाथा टि.भि. | संवाददाता | |
| ११ | पदम पराजुली | | विद्यार्थी | गौशाला |
| १२ | नारायन भण्डारी | कम्युनीकेशन कर्नर | संवाददाता | |
| १३ | विवेक राई | | विद्यार्थी | खोटाङ्ग |
| १४ | पवन खड्का | | विद्यार्थी | खोटाङ्ग |
| १५ | जीतेन्द्र बस्नेत | | विद्यार्थी | खोटाङ्ग |
| १६ | सुरज प्र. ढुंगाना | | विद्यार्थी | सर्लाही |
| १७ | योबराज गौतम् | | विद्यार्थी | बानेश्वर |
| १८ | बी.एन. आर्चाय | | विद्यार्थी | पाल्पा |
| १९ | अपवाद कार्की | अनेरास्वीयू | अध्यक्ष (नेपाल कर्मस क्याम्पस) | कोटेश्वर |
| २० | कवीराज भट्ट | अनेरास्वीयू | सदस्य | लगनखेल |
| २१ | सन्तोष कट्वाल | अनेरास्वीयू | सदस्य | कोटेश्वर |
| २२ | सुमन धिताल | अनेरास्वीयू | सदस्य | कोटेश्वर |
| २३ | पुनम महर्जन | कान्तिपर | संवाददाता | बानेश्वर |
| २४ | खगेन्द्र | जनदिशा | संवाददाता | अनामनगर |
| २५ | मुना कडेल | सी.सी.आर.एस. | संवाददाता | बागबजार |
| २६ | गौतम रेग्मी | नेपाल समाचार पत्र | संवाददाता | कालीमाटी |
| २७ | गौतम पोखरेल | सरस्वती क्याम्पस | विद्यार्थी | नया बजार |
| २९ | कमल ढुङ्गेल | सरस्वती क्याम्पस | विद्यार्थी | ठमेल |
| ३० | हरी प्र. भट्टराई | सरस्वती क्याम्पस | विद्यार्थी | ठमेल |

| | | | | |
|---|---|---|---|---|
| ३१ | धीनेन्द्र कार्की | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | काठमाण्डौ |
| ३२ | केदार जीरेल | सी.एन.एन. | संवाददाता | काठमाण्डौ |
| ३३ | समीर श्री न्यौपाने | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | काठमाण्डौ |
| ३४ | अवाधी किशोर चौधरी | कानन् क्याम्पस | विद्यार्थी | बारा |
| ३५ | राम मोहन शाह | T.U. | विद्यार्थी | रौतहट |
| ३६ | गुलाब चौरासिया | P.W.S. | सचिव | बारा |
| ३७ | नरेन्द्र थापा | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | काठमाण्डौ |
| ३८ | त्रिलोचन संग्रौला | त्रि-चन्द्र क्याम्पस | विद्यार्थी | घट्टेकलो |
| ३९ | रुपचन्द्र महर्जन | | | |
| ४० | उशा घिमिरे | नेपाल एफ.एम | संवाददाता | काठमाण्डौ |
| ४१ | सुप्रीया कार्की | नेपाल एफ.एम | संवाददाता | काठमाण्डौ |
| ४२ | ज्ञान ब. | | | |
| ४३ | दिपेन्द्र | | | अनामनगर |
| ४४ | सुजीत एल. सी. | तुलसीपूर एफ.एम | संवाददाता | दाङ्ग |
| ४५ | छवी सापकोटा | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | काठमाण्डौ |
| ४६ | सुदर्शन बराल | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | चावहिल |
| ४७ | सुर्य ब. थापा | सरस्वती क्याम्पस | विद्यार्थी | लैनचोर |
| ४८ | विनोद घिमिरे | Peoples News Center | संवाददाता | सुन्धारा |
| ४९ | धर्मराज गिरी | एन.सी.सी. | सदस्य | प्यूठान |
| ५० | नवीन आचार्य | एन.सी.सी. | सदस्य | सीन्धुपाल्चोक |
| ५१ | रमेश ब. खड्का | सिद्धनाथ ब. क्याम्पस | विद्यार्थी | महेन्द्रनगर |
| ५२ | तिलक कमार खड्का | पाटन ब. क्याम्पस | विद्यार्थी | बझाङ्ग |
| ५३ | अशोक बस्नेत | सरस्वती क्याम्पस | विद्यार्थी | ठमेल |
| ५४ | गणेश वाग्ले | सरस्वती क्याम्पस | विद्यार्थी | छेत्रपाटी |
| ५५ | इश्वर कट्वाल | ANNFSU | सदस्य | नया बानेश्वर |
| ५६ | सरोज भट्टराई | | | गंगब |
| ५७ | डम्बर जोशी | NSU | सदस्य | नया बानेश्वर |

| | | | | |
|---|---|---|---|---|
| ५८ | सन्तोष भट्ट | NSU | सदस्य | कलंकी |
| ५९ | बिवस कुमार वाइवा | NSU | सदस्य | भक्तपूर |
| ६० | नारायण प्र. पौडेल | सरस्वती क्याम्पस | विद्यार्थी | ठमेल |
| ६१ | नबिन राई | नेपाल मानवीकि क्याम्पस | विद्यार्थी | काठमाण्डौ |
| ६२ | नबिन लामा | ANNFSU | सदस्य | नया बानेश्वर |
| ६३ | अनुरोध काफ्ले | | | चावहिल |
| ६४ | ललीत जंग थापा | | | |
| ६५ | हरिचन्द्र खड्का | ANNFSU (कान्तीकारी) | सदस्य | डिल्लीबजार |
| ६६ | केदार गौतम | | | |
| ६७ | कृष्ण मल्ल | सगरमाथा टि.भि | संवाददाता | अनामनगर |
| ६८ | शरद राज सुबेदी | गोरखापत्र | संवाददाता | काठमाण्डौ |
| ६९ | अंक ब. वन | | शिक्षक | ज्ञानेश्वर |



**—समाप्त—**